भंगहा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः१ संख्याः१४ मितिः२०७७/१२/२६


**भाग-२**

**भंगहा नगरपालिका**

## भंगहा नगरपालिका
## भारि यन्त्र उपकरण संचालन कार्यविधि
## २०७६

नगरपालिका वाट प्रवाह हुने सेवालाई व्यबस्थित, सहज, सरल रुपमा प्रदान गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगर सभाले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको स्वामित्वमा रहेको ब्याकहू लोडर,लगायतका भारि यन्त्र उपकरणहरु संचालन गर्ने कार्यलाई ब्यवस्थित बनाउन नगर कार्यपालिकाले भारि यन्त्र उपकरण संचालन कार्यबिधि, २०७६ बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यबिधिको नाम **भारि यन्त्र उपकरण संचालन कार्याबिधि २०७६** रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउने छ ।

ख) **"कार्यालय"** भन्नाले भंगहा नगरपालिका कार्यालयलाई सम्झनु पर्दछ ।

ग) **"भारि यन्त्र उपकरण"** भन्नाले ब्याकहू लोडर, एक्साभेटर, रोलर, ट्रिपर लगायतका भारि यन्त्र उपकरण सम्झनु पर्छ ।

घ) **"भाडा"** भन्नाले भारि यन्त्र उपकरण भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दररेट बाट हुन आउने रकम लाई सम्झनु पर्दछ ।


भंगहा नगरपालिकाको स्थानीय राजपत्र

ङ)	**"प्रयोगकर्ता"** भन्नाले भारि यन्त्र उपकरण संचालनको लागि भाडामा लिने सरकारी निकाय, संघ, संस्था वा व्यक्ति सम्भन्नु पर्दछ ।

च)	**"राजश्व" :** राजश्व भन्नाले यन्त्र उपकरण प्रयोग गर्न बुझाउनुपर्ने रकम सम्भन्नु पर्दछ ।

छ)	**"अपरेटर"** भन्नाले भारि यन्त्र उपकरणको चालक वा सो उपकरण संचालन गर्न खटिई जाने मुख्य कर्मचारीलाई सम्भन्नु पदर्छ ।

ज)	**"प्राविधिक"** भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार भंगहा नगरपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्भन्नु पर्दछ ।

झ)	**"हेल्पर"** भन्नाले भारि यन्त्र उपकरण संचालन गर्दा चालक वा अपरेटरको साथमा खटिने सहयोगि कर्मचारी सम्भन्नु पर्दछ ।

## ३.	भारि यन्त्र उपकरण भाडामा उपलब्ध गराउने सम्बन्धमा :

३.१	नगरपालिकाको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग बाहेक ब्याकहु वा भारि यन्त्र उपकरणहरु खाली रहेको समयमा नगरपालिकाले तोकेको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई भाडामा उपलब्ध गराउन सकिनेछ ।

३.२	कुनै पनि व्यक्ति वा संघ संस्थाले आफुलाई आवश्यक परेको भारि यन्त्र उपकरण भाडामा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा सम्बन्धित कार्यालयमा सम्पर्क राखी जानकारी लिनुपर्नेछ ।

३.३	भाडामा प्रयोग गर्न माग गरिएको भारि यन्त्र उपकरण उपलब्ध गराउने वा नगराउने अधिकार कार्यालयमा रहने छ ।

३.४	भाडामा भारि यन्त्र उपकरण माग गर्ने व्यक्ति वा संघ संस्थाले संलग्न तोकिएको ढाँचा बमोजिम निवेदन दिनुपर्नेछ ।

३.५	भारि यन्त्र उपकरण भाडामा प्रयोग गर्न तोकिएको भाडा रकम प्रयोगकर्ताले कार्यालयको राजश्व शाखामा नगदै वा नगरपालिकाको सञ्चित कोष को खातामा जम्मा गर्नुपर्नेछ । कार्यालयले भौचर प्राप्त भए पछि आम्दानी रसीद उपलब्ध गराउनु पर्नेछ ।

३.६	यन्त्र उपकरण चलान/सम्भौता फारममा ।

क) भारि यन्त्र उपकरण सम्भौता/ चलान फारम सम्बन्धि कार्यालयबाट अपरेटरलाई दिईने निर्देशन हुनेछ ।

ख) प्रयोगकर्ताले भाडामा प्रयोग गर्न चाहेको भारि यन्त्र उपकरण समय र मिति खुलाई बुझिलिनु पर्नेछ ।

ग) भाडामा प्रयोग भएको भारि यन्त्र उपकरण फिर्ता हुंदा समय र मिति खुलाई कर्मचारीले बुझिलिनु पर्नेछ ।



भंगहा नगरपालिकाको स्थानीय राजपत्र

३.७ कार्यालयले भाडामा उपलब्ध गराउने भारि यन्त्र उपकरण संचालनको तोकिएको ढाँचा बमोजिमको अपरेसन लगसीट तोकिएको अधिकारीले प्रमाणित गरी सम्बन्धित अपरेटरलाई उपलब्ध गराउनु पर्नेछ अपरेटरले सोही लगसीटमा उपकरण संचालन सम्बन्धि अभिलेख राख्नु पर्नेछ ।

३.८ भारि यन्त्र उपकरण भाडामा प्रयोग गर्न प्राप्त भएको निवेदन, मेशीन चलान/सम्झौता फारम र जारी गरिएको अपरेसन लगसीट कार्यालयले छुट्टाछुट्टै रजिष्टरमा दर्ता गर्नुपर्नेछ ।

३.९ भारि यन्त्र उपकरण भाडामा प्रयोग गर्दा कार्यालयबाट काम गर्ने स्थान सम्म लैजाने र काम समाप्त भए पश्चात सुरक्षित तवरले कार्यालयमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रयोगकर्ताको हुनेछ ।

३.१० भारि यन्त्र उपकरण भाडामा प्रयोग भैरहेको अवस्थामा विग्रिएमा, मर्मत गर्नुपर्ने भएमा सम्बन्धित अपरेटर कार्यालयमा आई मर्मत आवेदन फारम भर्नु पर्नेछ । अपरेटर आउन सम्भव नभएमा कार्यालयले उक्त यन्त्र उपकरण मर्मत गर्न अपरेटरसंग समन्वय राखी मेकानिक खटाउन सक्नेछ । यसरी यन्त्र उपकरण विग्रन गई संचालन हुन नसकेको विवरण अपरेसन लगसीटमा समेत जनाई प्रमाणित गर्नुपर्नेछ ।

३.११ निर्धारित सम्झौता अवधीमा काम समाप्त हुन नसकी उक्त भारि यन्त्र उपकरण पुनः भाडामा संचालन गर्न म्याद थप गर्नु पर्ने भएमा म्याद समाप्त हुनु अगावै प्रयोकर्ताले कार्यालयमा सम्पर्क राखी सम्झौता थप गराउनु पर्ने छ ।

३.१२ भारि यन्त्र उपकरण प्रयोग गर्दा कार्यालयबाट बाहिर निस्केको र कार्यालयमा फिर्ताभएको मिति र समय कार्यालयको गेटमा रहेको In-Out रजिष्टरमा जनाई सम्बन्धित अपरेटरको दस्तखत गराई तोकिएको अधिकारीबाट प्रमाणित गराई राख्नुपर्नेछ ।

३.१३ भारि यन्त्र उपकरण भाडामा प्रयोग भई फिर्ता भएपछि सम्बन्धित अपरेटरले उक्त उपकरण संचालन भएको विवरण सहितको "अपरेसन लगसीट" कार्यालयमा बुझाउनुपर्नेछ ।

३.१४ भारि यन्त्र उपकरण भाडामा प्रयोग भई फिर्ता भएपछि अपरेसन लगसीट अनुसार तोकिएको ढाँचा बमोजिमको भाडा बिल तैयार गर्नुपर्नेछ ।

३.१५ भारि यन्त्र उपकरण भाडामा प्रयोग भई जाने भएपछि जम्मा हुन आउने रकम सम्बन्धित कार्यालयले राजश्व शिर्षकमा आम्दानी बाँध्नु पर्नेछ ।

३.१६ कार्यालयबाट अपरेटर भाडामा उपलब्ध गराउँदा प्रयोगकर्ताले कार्यालयको भरि यन्त्र उपकरण भाडा सम्बन्धी तोकिएको नियम तथा शर्तहरु पालना गर्नुपर्नेछ ।

३.१७ (क) भारि यन्त्र उपकरण सञ्चालन तथा व्यवस्थापन खरिद इकाइले गर्ने छ ।

१. खरिद इकाई संयोजक - अध्यक्ष
२. प्रशासन शाखा प्रमुख - १ सदस्य
३. आर्थिक प्रशासन शाखा प्रमुख - १ सदस्य
४. भरि यन्त्र उपकरण अपरेटर - १ सदस्य
५. प्रमुख प्रशासकीय अधिकृले तोकेको थप १ जना सदस्य सचिव - १

(ख) एक जना (१) चालक , एक जना (१) सह चालक राख्न सकिने छ । भारि यन्त्र उपकरण चालक अनुमति पत्र लिएको / अनुभव प्राप्त भएको / न्यूनतम ८ कक्षा पास गरेको हुनुपर्नेछ ।

(ग) तलव भत्ता खरिद इकाईको सिफारीसमा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(घ) कार्यालयको लागि यन्त्र उपकरण प्रयोग गर्दा प्राविधीकको स्टिमेट बमोजिम लाग्ने समय र इन्धन प्रयोग गरी संचालन गरिनेछ । लगवुक, खरिद इकाईको सिफारीस / प्राविधीक मूल्याङ्कनवाट भाडा रकम भुक्तानी गरिनेछ ।

(ङ) भाडामा दिंदा ब्याकहु लोडरको प्रतिघण्टा इन्धन बाहेक रु १२००।०० (एक हजार दुई सय) र इन्धन सहित रु. १७००।- (एक हजार सात सय) र रोलर मेसिनको १० घण्टा बराबर १ सिफ्ट हुनेछ र १ सिफ्टको इन्धन बाहेक रु ८४००।० बुझाउनुपर्नेछ । रोलरको १ सिफ्ट कटेपछि पनि बढि प्रयोग गर्न प्रति घण्टा रु.१२००।०० का दरले थप राजश्व बुझाई प्रयोग गर्न सकिने छ ।

(च) भाडा दर कायम गर्दा बजार मूल्य अनुसार पुन मूल्याङ्कन गरिनेछ।

(छ) नगरपालिकाले आफ्नो र सामुदायिक तथा सार्वजनिक कामलाई विशेष ग्राहयता प्रदान गरि मेसिनको संचालन गर्ने छ।

(ज) सार्वजनिक विदामा भारि यन्त्र उपकरण प्रयोग गर्दा अपरेटरलाई अपरेटर भत्तामा २५ प्रतिशतले थप भुक्तानी दिनुपर्ने छ र यस्तो रकम सम्बन्धित प्रयोग कर्ताले भुक्तानी दिनुपर्नेछ ।

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

# <u>अनुसूची-(क)</u>

## <u>भारि यन्त्र उपकरण भाडामा लिने सम्बन्धि निवेदन-पत्र</u>

श्रीमान् कार्यालय प्रमुख ज्यू,  मिति : २०७..../...../......
भंगहा नगरपालिका, महोत्तरी |

..................................कामको लागि नगरपालिकाको नियमानुसार निम्न लिखित भरि यन्त्र उपकरण उल्लेखित समयको लागि उपलब्ध गरि दिन हुन निवेदन गर्दछु ।

१. भारि यन्त्र उपकरणको नाम :- ...........................

कार्यको विवरण स्थान :-
अवधि :- ......................................................देखि.............................................................सम्म

कार्यालयको नियम अनुसार राजश्व जम्मा गरिसकेपछि मेसिन लैजाने र काम गर्ने कुरामा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा शर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

निवेदकको पुरा नाम, ठेगाना :–

टेलिफोन नं: (निवेदक वा निजको) :-

**<u>कार्यालय प्रयोजनका लागि मात्र</u>**

श्री आर्थिक प्रशासन शाखा,
................................. :: निम्न बमोजिम रकम आम्दानी बाध्नु हुन ।

भाडा दर ........................
प्रति घण्टा / सिफ्ट :-
जम्मा राजश्व रकम :-
राजश्व रकम प्राप्त भएको
नगद रसिद नं.(भौचर नं.) :-
मिति:

पेश गर्ने कर्मचारी -  प्रमाणित गर्ने प्रमुख/अधिकृतको दस्तखत :–

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

# अनुसूची-(ख)

## चलान/ सम्झौता फारम
## भंगहा नगरपालिका

सि.नं. :

मिति :२०७.../..../...

श्री ..............................
..................................

श्री .................. .................. ....................................लाई ..........................................देखि .................... सम्म.................... सिफ्ट/घण्टा को लागि भाडामा दिईएको छ । उक्त भारि यन्त्र उपकरण लाई तोकिएको समय भित्र यस कार्यालयमा फिर्ता ल्याउनु हुन सूचित गरिन्छ ।

..................
प्रमुख / अधिकृत

निबेदकले पालना गर्नु पर्ने नियम शर्तहरु पालना गर्ने गरि उपरोक्त विवरणको भरि यन्त्र उपकरण बुझिलिए ।

अपरेटरको दस्तखत :
लगेको समय :
मिति :

उपरोक्त विवरणको भारि यन्त्र उपकरण फिर्ता प्राप्त भयो ।

कर्मचारीको दस्तखत :
ल्याएको समय :
मिति :

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

# अनुसूची-(ग)

## भंगहा नगरपालिका कार्यालय

## भारि यन्त्र उपकरण मर्मत आदेश

कि.मि.घण्टा

श्री

| सि.नं. | विवरण | परिमाण | इकाई | अनुमानित रकम | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | दर | जम्मा रकम | |
| | | | | | | |

| | | | |
|---|---|---|---|
| …………………… | ……………………… | ……………………… | ………………………… |
| अपरेटर | खरिद इकाई | आ.प्र. शाखा | कार्यालय प्रमुख |
| निवेदक | (लागत अनुमान सिफारिस गर्ने) | (बजेट सिफारिस गर्ने) | सदर गर्ने |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

भंगहा नगरपालिकाको स्थानीय राजपत्र